मिति २०८० माघ २२ गते सोमबार (वि.सं.२०८०।१०।२२) तुलसीपुर उपमहानगरपालिकाको १८औं नगरकार्यपालिका बैठकका निर्णयहरू :

निर्णय नं. १

तुलसीपुर उपमहानगरपालिका वडा नं. ९ को दोघरे प्रतापकोट हुदै वल्ले देखि सल्यानको लुहाम जाने सडक अन्तरप्रदेश सम्वन्ध स्थापित गर्ने सन्दर्भमा वृद्धि महत्वको सडक भएकोले उक्त सडक निर्माणका लागि संकल्प प्रस्ताव सहित सम्वन्धीत निकायमा सिफारिस गर्ने सर्वसम्मत निर्णय गरियो ।

निर्णय नं. २

तुलसीपुर उपमहानगरपालिकाको आ.ब. २०८१/०८२ का लागि तपसिल वमोजिमका योजनाहरुलाई संघीय सरकार समपुरक, संघिय सरकार विशेष , संघिय सरकार तराईमधेश समृद्धि कार्यक्रम र प्रदेश सरकार समपुरक अनुदान योजनामा समावेश गरी पठाउने निर्णय गरियो ।

**१) संघीय सरकार समपुरक अनुदानका योजनाहरु :**

क) वडा नं. ३,५,६,७, १५ र १७ का वडा कार्यालय भवन निर्माण ।

ख) वडा नं. ८ र २ को अश्वारा देखि खैरीपुर भमके खोलामा पक्कि पुल ।

ग)वडा नं. १७ निमुवा देखि बनकट्टा स्कुल हुदै ढोलपुर छविलाल वलीको घर सम्म सडक कालोपत्रे ।

घ) नगरस्तरीय औषधि तथा कोलुचन स्टोर निर्माण ।

ङ) नगर स्तरीय शवदाह गृह निर्माण ।

**२) संघीय सरकार बिशेष अनुदानका योजनाहरु :**

क) वडा नं. १४ मावि भोजपुरको भवन निर्माण ।

ख) वडा नं. ८ को मेट्रो अस्पताल जाने एप्रोच सडकमा कालोपत्रे ।

ग) वडा नं. ३ प्रावि. वल्ले थापापानी विद्यालय भवन निर्माण ।

घ)वडा नं. ५ को क लाईनमा सडक स्तरउन्नती ।

ङ) तुलसीपुर वडा नं. ४, वराहथान,चारबाटो चोक गणेशटोल,ठुलाखाली हुदै गोटीखोला प्रहरी चौकी सम्म सडक स्तरउन्नती

**३.संघीय सरकार तराईमधेश समृद्धि कार्यक्रम योजनाहरु :**

क) वडा नं. १२ उरहरी चोक पुर्व कचिला कचिलि सडक कालोपत्रे





टिकाराम खड्का
नगर प्रमुख

राम बहादुर के.सी.
प्रमुख प्रशासकीय अधिकृत

**मिति २०८० माघ २२ गते सोमबार (वि.सं.२०८०।१०।२२) तुलसीपुर उपमहानगरपालिकाको १८औं नगरकार्यपालिका बैठकका निर्णयहरू :**

ख) वडा नं. ७ र ४ वस्वै घुसेरी हुदै आँखा अस्पताल प्रहरी चौकी जोडने सडक स्तरउन्नति ।

ग) वडा नं. १५ कोट्याडाडा खेलमैदान संरक्षण तथा पुर्वाधार निर्माण ।

घ) वडा नं. १ मिलनचोक देखि छोटे गिरीराज गंरन्जाको घर सम्म नाला निर्माण

ङ) घोराही तुलसीपुर सडक खण्ड हेमन्तपुर देखि पकरे हुदै छिल्लीकोट पर्यटकीय मार्ग जोडने सडक कालोपत्रे र चौवा खोलामा पुल ।

**४. प्रदेश सरकार समपुरक अनुदान :**

क) वडा नं. ३ को शिरखोलामा पक्कि पुल निर्माण ।

ख)वडा नं.१९ हाडिमे देखि वडा नं.१८ हेमन्तपुर मनिकापुर जोडने सडक कालोपत्रे ।

ग) वडा नं. १० गौरीगाउ तालको पुर्वाधार निर्माण ।

घ) वडा नं. ९ पातुखोला पुल देखि पश्चिम दक्षिण अटोभिलेज सडक कालोपत्रे ।

ङ) वडा नं. १ स्वास्थ्य चौकी देविथान सडक कालोपत्रे ।

च) वडा १३ स्थित तुही सोतामा पक्कि पुल निर्माण ।

**निर्णय नं. ३**

तुलसीपुर उपमहानगरपालिका र मातहतका सवै वडा कार्यालय तथा शाखा/महाशाखावाट पेश भएका चालु आ.व. २०८०/०८१ का योजना तथा बजेटमा रकमान्तर तथा शिर्षकान्तरका लागि आगामि नगरसभामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४**

तुलसीपुर उपमहानगरपालिकाको मिति २०७९।४।०३ गते बसेको नगरकार्यपालिकाको बैठकबाट गठित कार्यदलले पेश गरेको विभिन्न कोषहरुको अध्ययन प्रतिवेदन संशोधन सहित स्वीकृत गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५**

तुलसीपुर उपमहानगरपालिका वडा नं १३ फुलवारीमा डिप बोरिङ्को कार्य गरिएकोमा डिप बोरिङ्को कार्य असफल भई पानी निस्कन नसकेकोले प्राविधिकवाट पेश हुन आएको खर्च रकम ५१८२०२। पाचलाख अठार हजार दुई सय दुई मात्र) सम्वन्धीत पाटीलाई भुक्तानी दिने निर्णय गरियो ।





राम बहादुर के.सी.
प्रमुख प्रशासकीय अधिकृत

**मिति २०८० माघ २२ गते सोमबार (वि.सं.२०८०।१०।२२) तुलसीपुर उपमहानगरपालिकाको १८औं नगरकार्यपालिका बैठकका निर्णयहरू :**

**निर्णय नं. ६**

नेपाल पर्यटन वोर्डले मिति २०८०।८ १२ को पत्र बमोजिम तुलसीपुर १९ छिल्लीकोटमा सिढि निर्माण र कालिकामालिका क्षेत्र संरक्षण तथा प्रवर्द्धन कार्यका लागि रु रु ३५ लाख वजेट विनियोजन गरेकोमा रु ४३,७५०००।को कार्य गर्ने गरी पालिकाले २० प्रतिशत वापतको रकम रु ८,७५०००। म्याचिङ्ग फण्ड वापत विनियोजित गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७**

तुलसीपुर उपमहानगरपालिका नगर शिक्षा समितिको मिति २०८०।१०।१८ गते नगरप्रमुख ज्यूको अध्यक्षतामा वसेको बैठकका निर्णयहरु अनुमोदन गर्दै कार्यान्वयन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८**

तुलसीपुर उपमहानगरपालिका सुत्केरी स्याहार प्रोत्साहन पोषण भत्ता,२०७४ को केहि दफा संशोधनका लागि पेश भएकामा सोको विस्तृत अध्ययन गरी पुन पेश गर्न सामाजिक विकास समितिका संयोजक श्री मान वहादुर रावत ज्युलाई जिम्मेवारी दिने निर्णय गरियो ।

**निर्णय नं. ९**

तुलसीपुर उपमहागरपालिकाको १४ औं नगरसभा वैठक मिति २०८०।१०।२६ र २९ गते दुई दिन वस्ने निर्णय गरियो ।

**निर्णय नं. १०**

तुलसीपुर उपमहानगरपालिकाको मदिरा नियन्त्रण कार्ययोजना स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ११**

तुलसीपुर उपमहानगरपालिकामा अस्थायी ,करार, ज्यालादारीमा कार्यरत कर्मचारीहरुको म्याद २०८० असार मसान्त सम्म थप गर्न आगामी नगरसभामा अनुमोदनको लागि पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. १२**

तुलसीपुर उपमहानगरपालिका वडा नं. १९ विजौरी स्वास्थ्य चौकी दाङ्गमा सरकारी मापदण्ड अनुसार भवन नहुदा सेवाप्रवाहमा समस्या परेकोले नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको मापदण्ड अनुसार भवन निर्माणका लागि जग्गा आवश्यक परेकोले विजौरी स्वास्थ्य चौकी संचालन तथा व्यवस्थापन समितिको मिति २०८०।९।१८ को निर्णय नं. १ बमोजिम सरकारी जग्गा दर्ता,उपयोग तथा लिजमा उपलब्ध गराउने सम्वन्धी कार्यनीति,२०७९ अनुसार विजौरी स्वास्थ्य चौकी दाङ्गको प्राङ्गणमा



टिकाराम खड्का
राम बहादुर केसी
प्रमुख प्रशासकीय अधिकृत

**मिति २०८० माघ २२ गते सोमबार (वि.सं.२०८०।१०।२२) तुलसीपुर उपमहानगरपालिकाको १८औं नगरकार्यपालिका बैठकका निर्णयहरू :**

रहेको सार्वजनिक सरकारी जग्गा ज.म.वि.वि. ८ ख कित्ता नं. ४६ को ०-८-० अथवा प्राङ्गण सँगै सटेको सार्वजनिक सरकारी जग्गा ज.म.वि.वि.८ ग कित्ता नं. २० को पुर्वतर्फवाट ०-८-० जग्गा उपलब्ध गराई उक्त जग्गा विजौरी स्वास्थ्य चौकीका नाममा दर्ता श्रेष्ता गर्नका लागि भूमि व्यवस्था,सहकारी तथा गरिवी निवारण मन्त्रालयमा अनुरोध गर्ने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं. १३**

तुलसीपुर उपमहनगरपालिका वडा नं. ५ बाट कार्यालय भवनका लागि उपयुक्त स्थान तोकीदिन निवेदन प्राप्त भएकोले वडा कार्यालयबाटै अध्ययन अवलोकन गरी सुरक्षात्मक दृष्टिले उपयुक्त तथा सबैलाई पाएक पर्ने स्थान छनोट गर्न जिम्मेवारी दिने निर्णय गरियो ।

**निर्णय नं. १४**

तुलसीपुर उपमहानगरपालिका वडा नं १२ वस्ने रामवहादुर खत्रीको नाममा दर्ता श्रेष्ता रहेको साविक टरिगाउ ३/क कि.नं. २०४ को २-२-१२.५० क्षेत्रफल भएको जग्गामा प्रारम्भीक वातावरणीय परीक्षण गर्न अनुमति प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय न.. १५**

तुलसीपुर उपमहानगरपालिका नगरस्तरीय युवा संजालको उपाध्यक्ष श्री रविन्द्र डागी ज्युबाट प्राप्त राजीनामा स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. १६**

तुलसीपुर उपमहानगरपालिका राष्ट्रपति रनिङ्गसिल्ड,२०८० मा नगरपालिकावाट जिल्लामा सहभागिता जनाउने खेलाडिहरुका लागि आवश्यक पर्ने जर्सि र झण्डाको हुन आउने विल वमोजिमको रकम थप वजेटको व्यवस्था गरी भुक्तानी दिने निर्णय गरियो ।

टिकाराम खड्का
नगर प्रमुख

राम बहादुर के.सी.
प्रमुख प्रशासकीय अधिकृत